आज मिति २०७८ साल मंसिर १६ गते बिहिबारका दिन बिर्तामोड नगरपालिकाको ६५ औं बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद दाहाल

निर्णय नं.१. बिर्तामोड नगरपालिकाको आन्तरिक आय अर्न्तगतको विज्ञापन कर संकलनका लागि विभिन्न मितिमा आह्वान गरिएको ठेक्का सूचनामा ठेक्का बन्दो वस्त नभएको हुँदा राजस्व परामर्श समितिको वैठकवाट सिफारिस गरिएको आ.व.२०७८/०७९ का लागि न्यूनतम अंक रु १५,००,०००।- (अक्षरेपी पन्ध्र लाख) कायम गरि पुन ठेक्का बन्दोवस्तको प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.२. बिर्तामोड नगरपालिकाको व्यवसाय संचालन सम्वन्धी कार्यविधि-२०७७ वमोजिम घुम्ती सेवा संचालनका लागि निम्नानुसार टोली गठन गरि कार्यादेश दिने निर्णय गरियो ।

संयोजक :- सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य १ जाना

सदस्य :- राजस्व शाखा प्रमुख

सदस्य :- दिपेश गणेश (राजस्व शाखा)

सदस्य :- सम्वन्धित वडाको वडा सचिव वा निजले तोकेको कर्मचारी १ जना

सदस्य :- नगर प्रहरी २ जना

निर्णय नं.३. नगरपालिका क्षेत्र भित्र कार्यरत निम्न वमोजिमका महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुको अनिवार्य अवकास भएकाले निजहरुलाई यस नगरपालिकाको तर्फवाट प्रोत्साहन स्वारुप जनस्वास्थ्यको क्षेत्रमा विनियोजित वजेट नगर अस्पताल तथा अन्य स्वास्थ्य संस्थाका लागि जनशक्ती व्यवस्थापन ( पारिश्रमिक समेत) शिर्षकमा विनियोजित रकम रु ३०,००,०००।- मध्ये वाट भुक्तान हुने गरि प्रति स्वायम्सेविका रु ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निम्न:-**

१. सितादेवी वराल
२. सितादेवी धिमिरे
३. चन्द्रवती राजवंशी
४. सुर्यमनी राजवंशी
५. यशोदादेवी वराल
६. गंगाकुमारी कार्की
७. पार्वती सिवाकोटी
८. रुक्मा ढकाल
९. नरकुमारी उप्रेती
१०. मायादेवी पौडेल
११. यसोदादेवी सुवेद्री

CamScanner

निर्णय नं.४. विर्तामोड नगरपालिकाको स्वमित्वमा रहेका श्री टेक बहादुर गिरी वसपार्क, बुधवारे बजार, गरामनी बजार, विर्ताबजारका सटरहरु साविक सम्झौता गर्नेहरुवाट हाल व्यवसाय गरिरहेकाको नाममा एकपटकका लागि रु २०,०००।- दस्तुर लिइ नामसारी गर्ने निर्णय गरियो ।

निर्णय नं.५. नगरपालिका परिसरमा बगैंचा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.६. विर्तामोड नगरपालिकामा रहेका निम्न बमोजिमका **"घ"** वर्गको निर्माण व्यावसायी फर्मरुलाई प्राविधिक समिति बाट सिफारिस भै आएकाले उक्त फर्मलाई **"घ"** वर्गको निर्माण इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

१. निरभाना बिल्डर्स, विर्तामोड-१, झापा ।

२. चिनु निर्माण सेवा, विर्तामोड-२, झापा ।

३. पाठक दाजुभाई निर्माण सेवा, विर्तामोड-३, झापा ।

निर्णय नं.७. विर्तामोड नगरपालिका वडा नं.३ वस्ने रामचन्द्र मैनालीले निजको नाममा दर्ता रहेको मे १ ज १३६७ नम्बरको बोलेरो पिक्अप (शव वहान) यस नगरपालिका लाई निशुलक हस्तानतरण गर्ने भएकाले आवश्यक पक्रिया पुरा गरि नगरपालिकाको नाममा हस्तानतरण हुने व्यवस्था मिलाउने भनि निर्णय गरियो ।

निर्णय नं.८. विर्तामोड नगरपालिका अर्न्तगतको मतदाता नामावली संकलन तथा अध्यावधिक गर्ने कार्य निर्वाचन कार्या झापाको परिपत्र अनुसार यस नगरपालिकामा मिति २०७८/०८/१७ गते देखी मिति २०७८/०९/०२ गते सम्म हुने भएकाले उक्त कार्यक्रम निम्न वमोजिम संचालन गर्ने र उक्त समयावधि प्रयाप्त नभएकाले १५ दिनको थप म्याद माग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

मिति २०७८/०८/१७ र १८ गते वडा नं.१
मिति २०७८/०८/१९ र २० गते वडा नं.२

मिति २०७८/०८/२१ र २२ गते वडा नं.३

मिति २०७८/०८/२३ र २४ गते वडा नं.४

मिति २०७८/०८/२५ र २६ गते वडा नं.५

मिति २०७८/०८/२७ गते वडा नं.६

मिति २०७८/०८/२८ गते वडा नं.७

मिति २०७८/०८/२९ गते वडा नं.८

मिति २०७८/०९/०१ गते वडा नं.९

मिति २०७८/०९/०२ गते वडा नं.१०

CamScanner

निर्णय नं.९. यस विर्तामोड नगरपालिका क्षेत्र भित्र चल्ने अटो टेम्पोहरुको भाडा दर रेट निम्नानुसार निर्धारण गरि कार्यान्वय गर्ने गराउने भनि निर्णय गरियो ।

| सि.नं. | बाट | सम्म | दुरी (कि.म.) | भाडा (रु) | |
|---|---|---|---|---|---|
| | | | | साविककको | हालको |
| १ | मुक्तिचोक बाट | बिर्ताबजार सम्म | २ | २० | ३० |
| २ | मुक्तिचोक बाट | सैनिकमोड दृश्टि आँखा अस्पताल सम्म | ३ | ३० | ४० |
| ३ | मुक्तिचोक बाट | आदर्श चोक सम्म | ३ | ५० | ४० |
| ४ | मुक्तिचोक बाट | गरामनी सम्म | ५ | ६० | ६० |
| ५ | मुक्तिचोक बाट | हर्चना सम्म | ७ | ७० | ७० |
| ६ | मुक्तिचोक बाट | नेपालचोक सम्म | ८ | ८० | ८० |
| ७ | मुक्तिचोक बाट | देउनिया सम्म | १० | १०० | ११० |
| ८ | मुक्तिचोक बाट | शैनिक बजार सम्म (कच्ची बाटो) | ७.५ | ७० | १०० |
| ९ | मुक्तिचोक बाट | यातायात कार्यालय सम्म | २ | ३० | ३० |
| १० | मुक्तिचोक बाट | हेवनपार्क सम्म | ५ | - | ६० |
| ११ | मुक्तिचोक बाट | बिर्तासिटि सम्म | २ | २० | ३० |
| १२ | मुक्तिचोक बाट | रामचौक सम्म | ३ | ३० | ४० |
| १३ | मुक्तिचोक बाट | चारपाने सम्म | ३.५ | ३० | ४० |
| १४ | मुक्तिचोक बाट | वि एण्ड सि सम्म | १ | २० | ३० |
| १५ | मुक्तिचोक बाट | बसपार्क सम्म | २.५ | ३० | ३० |
| १६ | मुक्तिचोक बाट | बुटाबारी सम्म | ३ | ३० | ४० |
| १७ | मुक्तिचोक बाट | विरान सम्म | ७ | - | ८० |
| १८ | बुटावारी बाट | मिलडाँडा सम्म | ६ | - | ७० |
| १९ | मुक्तिचोक बाट | महान्नद चोक सम्म | २ | २० | ३० |
| २० | मुक्तिचोक बाट | दास पुल सम्म | ३ | २० | ४० |
| २१ | मुक्तिचोक बाट | सिनेप्लाजा सम्म | ३ | ३० | ३० |
| २२ | मुक्तिचोक बाट | माता मन्दिर लक्ष्मीपुर स्कुल सम्म | ३.५ | ५० | ५० |
| २३ | खालबाडी बाट | देउनिया सम्म | ४ | - | ५० |
| २४ | विर्ताबजार बाट | हेवनपार्क सम्म | ३ | ३० | ४० |
| २५ | विर्तावजार बाट | बिराट पोखर सम्म | ३ | ३० | ४० |
| २६ | विर्ताबजार बाट | मिया वाडी | ३ | ५० | ४० |
| २७ | विर्ताबजार बाट | मनकामना चोक सम्म | ३ | ३० | ४० |
| २८ | विर्तावजार बाट | ठुटेवर सम्म | ४ | ४० | ५० |
| २९ | शैनिकमोड बाट | शैनिक बजार सम्म | ५ | ५० | ६० |
| ३० | शैनिकमोड बाट | गरामनी वजार सम्म | ३ | ३० | ४० |
| ३१ | गरामनी वाट | हर्चना सम्म | २ | २० | ३० |
| ३२ | विर्ताबजार बाट | यातायात कार्यालय सम्म | २ | ३० | ३० |
| ३३ | चारपाने चेक बाट | बेल्डाँगी सम्म | १ | २० | ३० |
| ३४ | चारपाने चेक बाट | चैतुवारी | २ | ३० | ४० |

माथि उल्लेखीत स्थान भन्दा वाहिर जानु परेमा यात्रु र चालक वीच सहमति गरि जाने ।

CamScanner

निर्णय नं.१०. बिर्ता जेसिजको मिति २०७८/०१/२१ को प्राप्त पत्रानुसार विर्ता जेसिजको नाममा दर्ता रहेको मे १ च ३९५ नम्बरको एम्बुलेन्स हाल हस्तान्तरण नगर्ने भनि निर्णय गरियो ।

निर्णय नं.११. बिर्तामोड नगरपालिका वडा नं.५ स्थित कृषि उपज बजारको भवनमा रहेको ५ नं. वडा कार्यालयलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१२. आ.व.२०७८/०७९ को प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगर विकास योजनामा उल्लेखित योजनाहरु बाहेक वडागत निम्न लिखित अयोजना युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत संचालन गरिने निर्णय गरियो ।

१. वडा नं.१० मा स्थापित श्री चमरधाप प्राथमिक विद्यालयको खेल मैदान सम्याउने आयोजना ।

निर्णय नं.१३. बिर्तामोड नगरपालिका क्षेत्र भित्रका विभिन्न वडामा जिर्ण बाटोहरुलाई मर्मत सम्भार गर्न आवश्यक पर्ने नदिजन्य सामाग्री गिटी, बालुवा १००० टिप्पर र नगरपालिकामा रहेका ढुवानीका साधनहरुले ढुवानी गर्ने गरि ५०० टिप्पर खरिद गर्न आवश्यक प्रक्रिया पुरा गरी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.१४. विर्तामोड नगरपालिकाका विभिन्न वडाहरुमा रहेका नवनिर्मित स्वास्थ्य केन्द्र भवनहरुको उद्‌घाटन गरि उक्त भवन बाटै सेवा सुचारु गर्ने निर्णय गरियो ।

निर्णय नं.१५. बिर्तामोड नगरपालिका वडा नं.५ मा संचालित कृषि थोक बजारमा विगत लामो समय देखी कृषिथोक व्यापार संचालन भएको र त्यहाँ निर्मित संरचनाहरु कृषिथोक व्यापार सँग भाडामा लिइ व्यापार व्यवसाय संचालन भएको स्थानिय सरकार गठन सँगै स्थानिय सरकारले भाडा वापतको रकमको स्थानिय पालिकाले तोकेको दर बमोजिमको भाडा बहाल कर स्थानिय पालिकाले असुल गर्ने व्यावस्था भएकोले कृषिथोक व्यापारलाई वहाल कर नगरपालिकामा बुझाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१६. बिर्तामोड नगरपालिका वडा नं.६ बस्ने टिकामाया मगरलाई घाँटीको क्यान्सर उपचारको लागि रु ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१७. राष्ट्रिय योजना आयोग सँग ५० प्रतिशत लागत साझेदारी हुने गरी निम्नानुसारका ३ वटा समपुरक योजनाहरु माग गर्ने निर्णय गरियो ।

(क) सैनिक वजार-भुतेनी-नगर गौरव रोड-गोलधापरोड, बिर्तामोड-१० (कुल लागत रु ४,६२,३७,१५७.४२)

(ख) गरामनी-त्रिवेणी चोक-कटरबारी, हल्दीबारी रोड, बिर्तामोड-८ (कुल लागत रु ३,१६,३०,०८७.८७)

(ग) चैतुवारी-सोमबारे-पोखरी मार्ग-बह्रदशी बगान सिमा, बिर्तामोड-२ (कुल लागत रु ३,५३,५६,७४६.९४)

CS CamScanner